









व्यवसायिक फोहोर फाल्नको लागि तोकिएको झोला प्रयोग गर्ने अपार्टमेन्ट र म्यान्सनको बासिन्दाहरुका लागि


# घरबाट निस्कने फोहोर फाल्ने तरिका

व्यवस्थापन कम्पनीले तोकेको स्थानमा फाल्नुहोस्। यस अवस्थामा घरेलु फोहोर फाल्न तोकिएको झोला (सुन्तला वा बैजनी रङ्ग)मा फाल्न पाईंदैन ।

| प्रकार | फाल्ने कुराहरु | ठोस उदाहरण | ध्यान दिनु पर्ने कुराहरु | फाल्ने बेलामा |
|---|---|---|---|---|
| जलाउन सकिने फोहोर | भान्साको फोहोर, रबर, छाला, काठ, कागज, कपडा, आल्मुनियम फोइल, बरफको तकिया, क्रेयन्स, रङ्ग, रेफ्रिजरेन्ट, खाएरो, डेसिकेन्ट, **थोरै धातु भएको प्लास्टिक** |   | ●काँचो फोहोर र बाँकी रहेका खाद्यान्न फाल्नु अघी राम्रो सँग पानी निचोर्नुहोस्। (बाँसको सिन्काहरू खतरा हुने हुनाले सानो टुक्रा पारी भाँच्नुहोस्।)<br>●खाना पकाएर बाँकी भएको तेललाई कपडा वा अखबारले सोस्नुहोस्।<br>●थोरै भएको बगैंचाको हाँगाबिँगा, घाँस आदिबाट माटो हटाएर तोकिएको झोलामा फाल्नुहोस्।<br>●सानो मात्राको धातु भन्नाले पेंच, नट, आदिलाई जनाउँदछ।<br>○हामी पुरानो कपडा र लुगा संकलन गर्दछौं। नगरपालिकाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा पुराना कपडा र लुगा सङ्कलन बक्सहरू राखिएको हुनाले तिनको प्रयोग गर्नुहोस्। |   |
| बोतल・क्यान | सिसाको बोतल・क्यान (बोतल र क्यान छुट्याउन जरूरी छैन।) |   | ●स्प्रे क्यान, क्यासेट ग्यासका (सानो) सिलिन्डरहरू, आदिमा विस्फोटनको जोखिम हुने हुनाले फाल्नु अघि निश्चित रुपमा सबै प्रयोग गरेर सक्नुहोस्। (क्यानमा प्वाल पार्न आवश्यक छैन)।<br>●18 लिटरको क्यान भन्दा ठूला वस्तुहरूलाई「ठूलो आकारको जलाउन नसकिने फोहोर」को रूपमा फाल्नुहोस्।<br>●औषधी・कीटनाशक रसायन बाँकी रहेको बोतलहरू कहिल्यै नफाल्नुहोस्। |   |

| तल सूचीबद्ध फोहोरको बारेमा व्यवस्थापन कम्पनीसँग पक्का गरी तपाईंको अपार्टमेन्ट・म्यानसनको लागि छुट्टै व्यवस्था भएमा सोही अनुसार गर्नुहोस्। | | | | छुट्टै व्यवस्था नभएमा |
|---|---|---|---|---|
| रिसाइकलप्लास्टिक | プラ लेखिएको प्लास्टिक वा विनाइल कन्टेनरहरू स्टाइरोफोम |   | ●プラ चिन्ह लेखिएको पक्का गर्नुहोस्।<br>●भित्रको सामग्री सबै प्रयोग गरी कन्टेनर पखाल्नुहोस् वा पुछेर सफा गर्नुहोस्।<br>●ठूला स्टाइरोफोमलाई साना टुक्राहरूमा भाँची झोलामा राख्नुहोस्।<br>◆फोहोर सफा गर्न नसकिने वा धुलो बाँकी रहेका वस्तुहरूलाई「जलाउन सकिने फोहोर」मानिन्छ।<br>◆プラ चिन्ह नभएको र प्लास्टिक मात्र भएको वस्तुलाई「अन्य प्लास्टिक」मानिन्छ। | ●खानेकुराको ट्रे, प्लास्टिकको बोतल, आदिलाई सकेसम्म सुपरमार्केटमा रहेको स्रोत सङ्कलन बक्समा फालेर रिसाइकल गर्न मद्दत गर्नुहोस्। (पछाडिको पृष्ठ हेर्नुहोस्)<br>●घरेलु फोहोर फाल्ने तोकिएको झोला (बैजनी रङ्ग) छुट्टै किनी फोहोरलाई सो झोलामा राखेर प्रत्यक्ष कामो कान्यो सेन्टरमा ल्याउदाँ पनि हुन्छ। यहाँ फाल्दा रिसाइकल प्लास्टिक र प्लास्टिक बोतल छुटाछुट्टै झोलामा फाल्नुहोस्।<br>●फोहोर तथा रिसाइकल गर्न नसकिने वस्तुहरूलाई 【जलाउन सकिने फोहोर】फाल्नको लागि व्यवसायिक फोहोरको तोकिएको झोला (रातो)मा राखेर फाल्नुहोस्। |
| प्लास्टिक बोतल | पेय पदार्थ, रक्सी, सोया सस, मिरिन, खानामा हाल्ने झोल सामग्री, आदि हालिएको तथा PET चिन्ह अंकित प्लास्टिकको बोतल |   | ①बिर्को र लेबल「रिसाइकल प्लास्टिक」हुन्।<br>②भित्रको सामग्री सबै प्रयोग गरी कन्टेनर धोई पखाल्नुहोस्।<br>③बोतललाई सक्दो कुच्च्याउनुहोस्।<br>◆プラ चिन्ह भएको खाना पकाउने तेल, झोल सामग्री, सस, सलादको ड्रेसिङ (तेल भएको) आदिको प्लास्टिक बोतल「रिसाइकल प्लास्टिक」मा पर्दछ। | |
| अन्य प्लास्टिक | रिसाइकल प्लास्टिक बाहेक प्लास्टिकबाट मात्र बनेका उत्पादनहरू |   | ●फोहोर तथा रिसाइकल गर्न नसकिने वस्तुहरूलाई 【जलाउन सकिने फोहोर】फाल्नको लागि व्यवसायिक फोहोरको तोकिएको झोला (रातो)मा राखेर फाल्नुहोस्।<br>◆プラ चिन्ह भएका वस्तुहरू「रिसाइकल प्लास्टिक」हुन्। | ●घरेलु फोहोर फाल्ने तोकिएको झोला (बैजनी रङ्ग) छुट्टै किनी फोहोरलाई सो झोलामा राखेर प्रत्यक्ष हिरोशिमा च्युवो एको पार्कमा लगी फाल्नुहोस्। |
| खतराहुने फोहोर | सिसा, सेरामिक भाँडा, ऐना, धारीलो वस्तु |   | ●धारिलो वस्तु तथा सिसाहरुलाई पत्रीका आदिले बेरी सुरक्षितता सुनिश्चित गरेर「खतरा」लेखी फाल्नुहोस्। | घरेलु फोहोर फाल्ने तोकिएको झोला (सुन्तला रङ्ग) छुट्टै किनी फोहोरलाई सो झोलामा राखेर प्रत्यक्ष हिरोशिमा च्युवो एको पार्कमा लगी फाल्नुहोस्। |
| घातक फोहोर | फ्लोरोसेन्ट बत्ती, बल्ब, ब्याटरी, थर्ममीटर (पारा भएको), सानो रिचार्जेबल ब्याटरी |   | ●ड्राई सेल ब्याटरी र बटन ब्याटरीहरुको सम्बन्धमा, नगरपालिकाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा ब्याटरी सङ्कलन बाकसहरू राखिएको हुनाले तिनको प्रयोग गर्नुहोस्।<br>◆साना रिचार्जेबल ब्याटरीहरू झिकेर हटाई, धातुका भागहरूलाई विनाइल टेप आदिले बेरेर इन्सुलेट गरिएको अवस्थामा फाल्नुहोस्। दायाँको चिन्ह यस्तो फोहोरको सुचक हो। | घरेलु फोहोर फाल्ने तोकिएको झोला (सुन्तला रङ्ग) छुट्टै किनी फोहोरलाई सो झोलामा राखेर प्रत्यक्ष कामो कान्यो सेन्टरमा लगी फाल्नुहोस्। |
| पत्रिका | पत्रिका (भित्र राखिएको पर्चाहरु सहित) |   | ●पत्रिका・म्यागेजिन・विविध कागजहरु लगभग २० सेन्टिमिटरको मोटाईमा खात लगाई, डोरीले क्रस आकारमा कसिलो गरी बाँधेर फाल्नुहोस्। (डक्ट टेप वा झोला प्रयोग नगर्नुहोस्।)<br>पत्रिका र म्यागेजिन・विविध कागजहरु नमिसाउनुहोस्। (पत्रिका भित्र राखिएको पर्चाहरू छुट्टै बाँधिएको भए, म्यागेजिनको रूपमा फाल्नुहोस्।)<br>●कार्टुन प्याकलाई 50 सेमि × 100 सेमि वा सोभन्दा कम आकारमा पट्याई डोरीले बाँध्नुहोस्। (यत्तिकै बाकसकै रूपमा नफाल्नुहोस्।) | स्रोत सङ्कलन गर्ने ठाँउमा फाल्नुहोस् (पछाडिको पृष्ठ हेर्नुहोस्) वा प्रत्यक्ष हिरोशिमा च्युवो एको पार्कमा लगी फाल्नुहोस्। |
| म्यागेजिन・विविध कार्टुन प्याक | म्यागेजिन (कपी, पाठ्यपुस्तक, पर्चा, आदि) विविध (बिस्कुट आदिको बक्स, र्‍यापिङ पेपर, टिस्युको बक्स) कार्टुन प्याक | | | |
| ठूलो आकारको जलाउन सकिने फोहोर | काठको फर्निचर, ओछ्यान (स्प्रिङ भएको सहित), तोकिएको झोलामा नअट्ने सिसा, सेरामिक, ऐना, अन्य (ठूला झोला, कुर्सी आदि।) |   | ●स्प्रिङ भएको म्याटहरू सबै「ठूलो आकारको जलाउन सकिने फोहोर」मानिन्छ।<br>●दराज, टेबल आदिको घर्रामा सामानहरू नराख्नुहोस्। (ढोका भित्रको ऐना हटाउन आवश्यक छैन।)<br>तोकिएको झोलामा नअट्ने ओछ्यान, कार्पेट, रग, बाँसको पर्दालाई डोरीले बाँधेर फाल्नुहोस्। तोकिएको झोलामा अट्ने वस्तुलाई डोरीले बाँधेर「जलाउन सकिने फोहोर」मा फाल्नुहोस्।<br>◆विद्युतीय रिक्लाइनिङ सोफा र कुर्सीहरूलाई「ठूलो आकारको जलाउन नसकिने फोहोर」मानिन्छ। | प्रत्यक्ष हिरोशिमा च्युवो एको पार्कमा लागि फाल्नुहोस्।<br>●फाल्न सकिने साईज, 180 सेमि × 100 सेमि × 200 सेमि वा सो भन्दा कम |
| ठूलो आकारको जलाउन नसकिने फोहोर | विद्युतीय उपकरणहरू (प्रयोक्ता रिसाइकल कानूनको अधीनमा रहेका उत्पादनहरू बाहेक) धातुको सामग्री (तीखो वस्तु बाहेक)・सवारी साधन तोकिएको झोलामा नअट्ने कडा प्लास्टिकको सामान र ठूलो प्लास्टिकको भाँडा |   | ●रिसाइकल कानूनको अधीनमा नभएको विद्युतीय उपकरणलाई「ठूलो आकारको जलाउन नसकिने फोहोर」मानिन्छ। (फ्लोरोसेन्ट ट्युब बत्ती र ब्याटरीलाई「खतरा हुने फोहोर」मानिन्छ।) ※रिसाइकल गर्न मिल्ने वस्तु पछाडिको पृष्ठमा सूचीबद्ध छन्।<br>●ठूलो बाकस भित्र अन्य सामानहरु नराख्नुहोस्।<br>●विस्फोट वा आगोको जोखिम हुने हुनाले, मट्टितेलले चल्ने हिटरबाट इन्धन र ब्याटरी हटाउनुहोस्।<br>●फाल्नु अघि साइकलको सुरक्षा दर्ता रद्द गर्नुहोस्।<br>●प्राइङ प्यान, डोरी र तारहरू जस्ता साना वस्तुहरू पारदर्शी वा अर्ध-पारदर्शी प्लास्टिकको झोलामा मिलाएर राख्नुहोस्। | प्रत्यक्ष कामो कान्यो सेन्टरमा लगी फाल्नुहोस्।<br>केही घरेलु उपकरणहरू प्रयोग गरिए सकिएका साना घरेलु उपकरणहरूको रूपमा सङ्कलन गर्न सकिन्छ (पछाडिको पृष्ठ हेर्नुहोस्)।<br>●फाल्न सकिने साईज, 150 सेमि × 120 सेमि × 200 सेमि वा सो भन्दा कम |

●फोहोर कम गर्न र स्रोतको रूपमा रिसाइकल गर्न सही तरिकाले छुट्ट्याऔं। सम्पर्क: हिगाशिहिरोशिमा नगरपालिका फोहोर व्यवस्थापन विभाग टेलिफोन: 082-420-0926 कृपया पछाडिको पृष्ठ पनि हेर्नुहोस्।


| नगरपालिकामा फाल्न नमिल्ने फोहोर | फाल्ने तरीका |
|---|---|
| 【4 घरेलु उपकरणहरू】<br><br>टिभी / फ्रिज/फ्रिजर / लुगा धुने मेसिन・लुगा सुकाउने मेसिन / एयर कन्डिसनर | 【शुल्क लाग्ने】(घरेलु उपकरण रिसाइकल कानून)नजिकको घरेलु उपकरणको सङ्कलनमा सहयोग गर्ने पसलमा सम्पर्क गर्नुहोस्।<br>＜घरेलु उपकरणको सङ्कलनमा सहयोग गर्ने पसल＞<br>・एदेओन हिगाशिहिरोशिमा होन्तेन(082-423-3211) ・एदेओन साइजो गाकुएनतेन(082-421-1144)<br>・यामादा देन्की टेक्कु रान्दो हिगाशिहिरोशिमातेन(082-426-3200)<br>＜सम्पर्क जानकारी＞ • कादेन रिसाइकल केन सेन्टर (0120-319-640) |
|  कम्प्युटर (डेस्कटप, स्क्रीन, ल्यापटप) | (स्रोतको प्रभावकारी उपयोग प्रवर्द्धन ऐन) निर्मातालाई सम्पर्क गर्नुहोस् ।<br>(PC रिसाइकलको स्टिकर नभएका वस्तुहरूको लागी शुल्क लाग्दछ।) ＜निर्माता नभएका・घरमा बनाईएका कम्प्युटर बारे सोधपुछको लागि सम्पर्क जानकारी＞ कम्प्युटर 3R प्रवर्द्धन संघ (03-5282-7685) होमपेज (https://www.pc3r.jp)<br>※नगरपालिका (मुख्य कार्यालय, शाखा कार्यालयहरू)मा अवस्थित साना घरेलु उपकरण सङ्कलन बाकसको प्रयोग गर्नुहोस्। केवल योग्य वस्तुहरू (क्याथोड रे ट्यूब प्रकारको स्क्रीन बाहेक) नि: शुल्क उठाउन सकिन्छ। |
|  घरको आगो निभाउने उपकरण | 【शुल्क लाग्ने】आगो निभाउने उपकरणको फोहोर व्यवस्थापन स्थानीय वितरकहरूको सहकार्यमा जापान अग्नि नियन्त्रण उपकरण निर्माता संघद्वारा गरिन्छ। ※रिसाइकल स्टिकर शुल्क तथा यातायात ・भण्डारण शुल्क आवश्यक पर्दछ।<br>＜सम्पर्क जानकारी＞ (कम्पनि लिमिटेड)आगो नियन्त्रण उपकरण रिसाइकल प्रवर्द्धन केन्द्र (03-5829-6773) होमपेज (https://www.ferpc.jp/) |
|  मोटरसाइकल, स्कुटर | फालिएका दुई पांग्रे सवारी साधनहरु उठाउने डिलरसंग सम्पर्क गर्नुहोस्।<br>＜सम्पर्क जानकारी＞ सामान्य दुई पांग्रे सवारी साधन रिसाइकल (050-3000-0727) |

## प्रयोग गरी सकिएको साना घरेलु उपकरणहरूको सङ्कलनको बारेमा

साना घरेलु उपकरणहरूमा सुन तथा दुर्लभ धातु जस्ता बहुमूल्य पदार्थहरू रहेका हुन्छन्। घरमा प्रयोग नहुने मोबाइल फोन वा डिजिटल क्यामेराहरूको रिसाइकल गरिने हुनाले, साना घरेलु उपकरणहरूको सङ्कलन गर्नको लागि सहयोगको अनुरोध गर्दछौं।

साना घरेलु उपकरणको सङ्कलन बाकस निम्न स्थानहरूमा राखिएका हुनाले प्रयोग गर्नुहोस्।

- हिगाशिहिरोशिमा नगरपालिकाको मुख्य भवनको पहिलो तला, उत्तरी भवनको पहिलो तला, तथा प्रत्येक शाखा कार्यालयहरु
- सङ्कलन गर्न सकिने वस्तुहरु : सङ्कलन बाकस भित्र राख्ने प्वाल 40 सेमि × 18 सेमिमा छिर्ने निर्दिष्ट वस्तुहरू जस्तै) ल्यापटप, मोबाइल फोन, DVD रेकर्डर, टेलिफोन, हेयर ड्रायर, रिमोट कन्ट्रोल, डिजिटल क्यामेरा



## पुरानो कपडा र लुगाको सङ्कलनको बारेमा

जलाउन सकिने फोहोरलाई कम गर्न, पुन: प्रयोग र रिसाइकल गर्ने उद्देश्यले पुरानो कपडा र लुगाहरू सङ्कलन गर्दछौं। पुरानो कपडा र लुगा सङ्कलनमा सहयोग गर्नुहोस्।

| | |
|---|---|
| लक्षित सङ्कलन | कपडा / मोजा / रुमाल / कम्बल<br>※धोईएका कुराहरु<br> |
| गैर-लक्षित वस्तुहरू 「जलाउन सकिने फोहोर」 को रुपमा फाल्नुहोस्। | • धोएपछि पनि फोहोर वा दुर्गन्ध नजाने वस्तुहरू<br>• न्यानोपनको लागि कपास वा ऊनले बनेको लुगाहरू (डाउन कोट, जाडोको लुगा, स्वीटर, डाउन ज्याकेट, पन्जा, आदि)<br>• कम्पनी वा संस्थाको नाम कढाई गरिएको वा छापिएको कपडाहरू (ब्रान्डको नाम र लोगो बाहेक)<br>• भिजेका वा ढुसी लागेका चीजहरू<br>• अन्य (टोपी, जुत्ता, किमोनो, झोला, भरेको खेलौना, सिरानी, सिरक, आदि) |

【 फाल्ने तरिका 】 डोरीले बाँधेर वा प्लास्टिकको झोलामा राखेर सङ्कलन बाकसमा फाल्नुहोस्। कागजको झोलामा नराख्नुहोस्।

पुरानो कपडा • लुगाको सङ्कलन बाकस राखिएको स्थानहरु

- हिगाशिहिरोशिमा नगरपालिकाको मुख्य भवनको पहिलो तला, उत्तरी भवनको पहिलो तला, तथा प्रत्येक शाखा कार्यालयहरु
- क्षेत्रीय केन्द्रहरू (प्रत्येक क्षेत्रीय केन्द्रको खुल्ने समय फरक पर्ने हुनाले, सिधै केन्द्रमा सम्पर्क गर्नुहोस्।)

## स्रोत सङ्कलनको बारेमा

फोहोर कम गर्न र रिसाइकल गर्नका लागि निम्न वस्तुहरूलाई सकेसम्म स्रोतको रूपमा सङ्कलन गर्न सहयोगको अनुरोध गर्दछौं।

| छुट्याउने प्रकार | स्रोत सङ्कलन |
|---|---|
| • खानेकुराको ट्रे<br>• प्लास्टिकको बोतल<br>• दूधको प्याकेट | सुपरमार्केटहरुमा राखिएका स्रोत सङ्कलन बाकसहरू प्रयोग गर्नुहोस्। |
| • पत्रीका<br>• म्यागेजिन • विविध कागज<br>• कार्टुन प्याक | स्रोत सङ्कलन गर्ने कम्पनीमा लिएर जान पनि सक्नुहुन्छ। पुरानो कागजहरु सङ्कलन गर्नका लागी बाकस राख्ने सुपरमार्केटहरू पनि छन्। |

## बसाई सराईको फोहोर ・अस्थायी ठूला फोहोर

घरको सरसफाई वा बसाई सराईको कारणले धैरै फोहोर निस्केको अवस्थामा प्रत्यक्ष फोहोर प्रशोधन सुविधामा लैजानुहोस्।

## फोहोर प्रशोधन सुविधामा प्रत्यक्ष ढुवानीको बारेमा

सीधै ढुवानी गर्ने अवस्थामा, अगाडिको पृष्ठमा लेखिए अनुसार फोहोरलाई तोकिएको झोलामा राख्नुहोस्। फोहोर प्रशोधन सुविधामा सीधै ढुवानी गर्दा, हिगाशिहिरोशिमा नगरपालिकाबाट आउनुभएको पुष्टि गर्न तपाईंको ठेगाना थाहा हुने कुरा (ड्राइभिङ इजाजतपत्र, उपयोगिता बिलको चिठीपत्र, आदि) देखाउन अनुरोध गर्न सकिने हुनाले, कृपया हामीलाई सहयोग गर्नुहोस्।

आफैले फोहोर प्रशोधन सुविधामा ढुवानी गर्न गाह्रो भएमा, नगरपालिकाबाट इजाजत प्राप्त सङ्कलन तथा ढुवानी कम्पनीलाई अनुरोध गर्नुहोस्। त्यस अवस्थामा ढुवानी शुल्क लाग्ने हुनाले कम्पनीसँग पक्का गर्नुहोस्।

## फोहोर प्रशोधन सुविधा

| छुट्याउने प्रकार | फोहोर प्रशोधन सुविधा |
|---|---|
| ○जलाउन सकिने फोहोर<br>○खतरा हुने फोहोर<br>○अन्य प्लास्टिक<br>○पत्रिका<br>○म्यागेजिन, विविध कागज, कार्टुन प्याक<br>○ठूलो आकारको जलाउन सकिने फोहोर | **हिरोशिमा च्युवो एको पार्क**<br>साइजो च्यो कामिमिनागा 10759-2<br>☎082-426-0820<br>सोम～शनिबार 8:30～17:00<br>[वर्षको अन्त्य र नयाँ वर्षको बिदाहरू बाहेक] |
| ○सिसाको बोतल・क्यान<br>○रिसाइकल प्लास्टिक<br>○प्लास्टिक बोतल<br>○घातक फोहोर<br>○ठूलो आकारको जलाउन नसकिने फोहोर | **कामो कान्क्यो सेन्टर**<br>कुरोसे च्यो कुनिचिका10427-24<br>☎0823-82-6499<br>सोम～शनिबार 8:30～17:00<br>[सार्वजनिक बिदा, वर्षको अन्त्य र नयाँ वर्षको बिदाहरू बाहेक] |

